# माङसेबुङ गाउँपालिकाको आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च गर्ने सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०६/१२

**प्रस्तावनाः**

स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरुलाई कार्यकुशलता, प्रमावभकारिता तथा मितव्ययीताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुऱ्यउन गाउँसभाबाट स्वीकृत आयोजना व्यवस्थापन खर्चको मितव्ययी, प्रभावकारी र अनुमानयोग्य ढंगबाट खर्च गर्न यो कार्यविधि बनाई लागू गरिएको छ ।

१. वार्षिक बजेट निर्माणको क्रममा छुट्याइएको रकम स्वीकृत शीर्षकको अधीनमा रही देहायको क्रियाकलापमा मात्र खर्च गर्नु पर्नेछ ।

(क) आयोजना सर्भेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च ।

(ख) समावेशी तथा सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च ।

(ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च ।

(घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, गाउँ कार्यपालिका र वडा स्तरीय अनुगमन समितिबाट हुने अनुगमन र सुपरिवेक्षण तथा प्राविधिकबाट हुने नापजाँच र प्रतिवेदन सम्बन्धी ।

(ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय ।

(च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च ।

(छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु (क्यामेरा, मेजरिङ टेप लगायतका सामग्री), आवश्यक भए मोटरसाइकल समेत खरिद गर्न सकिने ।

(ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(झ) आयोजनासँग सम्बन्धित सामाजकि परिचालन खर्च ।

(ञ) आयोजनासँग प्रत्यक्ष संलग्न हुने प्राविधिक, गाउँ कार्यपालिका र वडास्तरीय अनुगमन समितिका सदस्यका लागि आवश्यक पर्ने रेनकोट, छाता, लगायतका सामग्रीको खरिद र सवारी साधनद्वारा हुने अनुगमन भए इन्धन र सवारी मर्मत समेत ।

(ट) कुनै आयोजना सञ्चालन गर्नुपूर्व अर्को आयोजना पूरा गर्नुपर्ने भएमा नयाँ आयोजनामा समेत रकम खर्च गर्न सकिनेछ ।

(ठ) गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेका अन्य शीर्षकहरु ।



विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत

२. दफा (१) सँग सम्बन्धित खर्चको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा राख्नु पर्नेछ । कन्टेन्जेन्सी खर्चका सम्पूर्ण श्रेष्ता लेखा प्रमुखले छुट्टै फायल खडा गरी राख्नु पर्नेछ ।

३. दफा (१) 'घ' सँग सम्बन्धित अनुगमन तथा सुपरिवेक्षण गर्ने विधि र अनुगमन तथा सुपरिवेक्षण बापतको भत्ता गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची १
### कायविधिको दफा २ सँग सम्बन्धित
### आयोजना व्यवस्थापन सेवा खर्चको लगानी र खर्च विवरण

माङसेबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इभाङ इलाम

पहिलो/दोस्रो/तेस्रो चौमासिक वार्षिक

| क. सं. | क्रियाकलापहरु | वार्षिक स्वीकृत रकम | ……… चौमासिक खर्च | यस चौमासिकसम्मको खर्च | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |

तयार गर्ने | रुजु गर्ने | स्वीकृत गर्ने

नाम : | नाम : | नाम :

विनोद कुमार चौहान
प्रमुख प्रशासकिय अधिकृत